सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने

# निर्देशिका, २०८१


नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

टेकु, काठमाण्डौं

सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने

# निर्देशिका, २०८१


नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

टेकु, काठमाण्डौं

सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, न्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने

# निर्देशिका, २०८१

प्रकाशक : राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

प्रकाशित : आ.व. २०८१/०८२

सर्वाधिकार © प्रकाशक

# सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०८१

मानननीय मन्त्रीस्तरबाट स्वीकृति प्राप्त मिति : २०८१/१०/२१

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देहायका निर्देशिकाहरू बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिले एक सय असियौं (१८०) दिन देखि लागु हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "ऐन" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली २०६८ सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ ।

(घ) "सुर्तीजन्य पदार्थ" भन्नाले ऐनको दफा २ (क) बमोजिमको सुर्तीजन्य पदार्थ सम्झनु पर्छ ।

(ङ) "उत्पादक" भन्नाले ऐनको दफा (२) को खण्ड (च) बमोजिमको उत्पादकलाई सम्झनु पर्छ र सो शब्दले उत्पादक संघ समेतलाई जनाउँछ ।

(च) "लेबल" भन्नाले सुर्तीजन्य पदार्थको प्याकेटमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको चिन्ह, तस्बिर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।


(छ) "घातक रंगीन चित्र" भन्नाले निर्देशिकाको दफा ४, ५, ६ र ७ मा उल्लेख भए अनुसारको घातक रंगीन चित्र सम्झनु पर्छ ।


(ज) "चेतावनीमूलक सन्देश" भन्नाले निर्देशिकाको दफा ४, ५, ६ र ७ मा उल्लेख भए अनुसारको चेतावनीमूलक सन्देश सम्झनु पर्छ ।

**३. चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र छाप्नु तथा अंकित गर्नुपर्नेः** (१) ऐनको दफा ९ को उपदफा (१) र नियमावलीको नियम ९ को उपनियम (१) बमोजिम उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी भागमा दफा ४, ५, ६ र ७ बमोजिम हुने गरी सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानीकारक छ भन्ने लगायतका चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रंगीन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश चुरोट, बिडी, खैनी, सुर्ती र गुट्खा जस्ता सुर्तीजन्य पदार्थको भित्री र बाहिरी प्रत्येक बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

**४. चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्समा चेतावनीमूलक सन्देश र चित्र छाप्नु पर्नेः** (१) दफा ३ बमोजिम उत्पादकले चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडि र पछाडिको शत प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछः

| चित्र नं | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये तलको ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले घाँटीको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |
| ख |  | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये तलको ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्ती सेवनले कम तौल भएको, अपांगता भएको वा मरेको बच्चा जन्मन्छ | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |

| | | | | |
|---|---|---|---|---|
| ग |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये तलको ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले मुखको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |
| घ |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये तलको ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले हृदयघात हुन्छ | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि क (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |
| ङ |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये तलको ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले फोक्सोको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा चुरोटको कूल जम्मा बट्टा, प्याकेट र र्‍यापर्समा बीस बीस प्रतिशत संख्यामा समानुपातिक तवरले उपदफा (१) बमोजिमका पाँच वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) दफा ३ बमोजिम चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको सहायक माथिल्लो सम्पूर्ण भाग (side pack upper part) मा "सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धूम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ । चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको सहायक दायाँ भाग (side pack right part) को माथिल्लो नब्बे प्रतिशत भागमा "धूम्रपानमा नाइट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक

सन्देश र तल्लो दश प्रतिशत भागमा ब्राण्ड नाम उल्लेख गर्नु पर्नेछ। त्यस्तै सहायक बायाँ भाग (side pack left part) को माथिल्लो नब्बे प्रतिशत भागमा "धूम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ धूम्रपान गर्न छोडौं" भन्ने चेतनामूलक सन्देश र तल्लो दश प्रतिशत भागमा उत्पादकको नाम र ठेगाना छाप्नु पर्नेछ। चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको सहायक तल्लो सम्पूर्ण भागमा सुर्तीजन्य पदार्थमा भएको निकोटिनको मात्रा, ब्राण्ड नाम र उत्पादन मिति उल्लेख गर्नु पर्नेछ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची १ मा तोकिए बमोजिम हुनेछ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ।

(७) सन्देश लेखिने पृष्ठभुमिको रंग प्यान्टोन ४४८ सी (Pantone 448C) हुनेछ।

(८) रंगको मात्रा (प्रतिशतमा): अक्षरमा रंगको मात्रा निलो (C) = ०%, रातो (M) = ०%, पहेलो (Y) = ०%, कालो (K) = ०% हुनेछ। चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र रहने पृष्ठभूमिमा रंगको मात्रा निलो (C)= ५६%, रातो (M) = ५३%, पहेलो (Y) = ७३%, कालो (K) = ५७% हुनेछ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको ढाँचा अनुसूची १ मा तोकिए बमोजिम हुनु पर्नेछ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट उपलब्ध गराईएको चित्रको गुणस्तर अनुरूप हुनु पर्नेछ।

**५ बिडीको बट्टा, प्याकेट र ऱ्यापर्समा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र छाप्नु पर्नेः**
(१) दफा ३ बमोजिम उत्पादकले बिडीको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडि र पछाडिको शत प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछः

| चित्र नं | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | बिडीको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये तलको ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्ती सेवनले घाँटीको क्यान्सर हुन्छ | बिडीको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |

| | | | | |
|---|---|---|---|---|
| ख |  | बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको अगाडि र पछाडि (principal area - front & back) को शत प्रतिशत भाग मध्ये तलको ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले कमतौलभएको, अपांगता भएको वा मरेको बच्चा जन्मन्छ | बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा बिडीको कूल जम्मा बट्टा, प्याकेट र र्‍यापर्समा पचास पचास प्रतिशत संख्यामा समानुपातिक तवरले उपदफा (१) बमोजिमका दुई वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ।

(३) सोली आकारको बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको सहायक तल्लो सम्पूर्ण भागमा सुर्तीजन्य पदार्थमा भएको निकोटिनको मात्रा, ब्राण्ड नाम र उत्पादन मिति उल्लेख गर्नु पर्नेछ। आयातकार (rectangle) बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको लागि मात्र माथिल्लो सहायक सम्पूर्ण भाग (side pack upper part) मा "सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धूम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ। बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको सहायक दायाँ भाग (side pack right part) को माथिल्लो नब्बे प्रतिशत भागमा "धूम्रपानमा नाइट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र तल्लो दश प्रतिशत भागमा ब्राण्ड नाम उल्लेख गर्नु पर्नेछ। त्यस्तै सहायक बायाँ भाग (side pack left part) को माथिल्लो नब्बे प्रतिशत भागमा "धूम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ धूम्रपान गर्न छोडौं" भन्ने चेतनामूलक सन्देश र तल्लो दश प्रतिशत भागमा उत्पादकको नाम र ठेगाना छाप्नु पर्नेछ। बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको सहायक तल्लो सम्पूर्ण भागमा सुर्तीजन्य पदार्थमा भएको निकोटिनको मात्रा, ब्राण्ड नाम र उत्पादन मिति उल्लेख गर्नु पर्नेछ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची २ मा तोकिए बमोजिम हुनेछ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ।

(७) सन्देश लेखिने पृष्ठभुमिको रंग प्यान्टोन ४४८ सी (Pantone 448C) हुनेछ।


(८) अक्षरमा रंगको मात्रा निलो (C) = ०%, रातो (M) = ०%, पहेलो (Y) = ०% कालो (K) = ०% हुनेछ। चेतावनीमूलक सन्देश तथा चित्र रहने पृष्ठभूमिमा रंगको मात्रा निलो (C) = ५६%, रातो (M) =


५३%, पहेलो (Y) = ७३%, कालो (K) = ५७% हुनेछ ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित बिडीको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा अनुसूची २ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट उपलब्ध गराईएको चित्रको गुणस्तर अनुरूप हुनु पर्नेछ ।

**६. खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्समा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र छाप्नु पर्नेः** (१) दफा ३ बमोजिम उत्पादकले खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्समा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछः

| चित्र नं | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क. अगाडिको भाग |  | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको अगाडिको भाग (principal area – front side) को शत प्रतिशत भाग मध्ये बिचको ६० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, यसको सेवनले ज्यान लिन्छ | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको अगाडिको भाग (principal area–front side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा माथिको २० प्रतिशत भागमा |
| | | | सुर्तीजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन छोडौ | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको अगाडिको भाग (principal area – front side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा मुनिको २० प्रतिशत भागमा |

<table>
<tr><td rowspan="2">क. पछाडिको भाग</td><td rowspan="2"></td><td rowspan="2">खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको पछाडिको भाग (principal area –Back side) को शत प्रतिशत भाग मध्ये बिचको ६० प्रतिशत भागमा</td><td>सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, यसको सेवनले ज्यान लिन्छ</td><td>खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको पछाडिको भाग (principal area – Back side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा माथिको २० प्रतिशत भागमा</td></tr>
<tr><td>सुर्तीजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन छोडौं</td><td>खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको पछाडिको भाग (principal area – Back side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा मुनिको १० प्रतिशत भागमा</td></tr>
<tr><td rowspan="2">ख. अगाडिको भाग</td><td rowspan="2"></td><td rowspan="2">खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडिको भाग (principal area – front side) को शत प्रतिशत भाग मध्ये बिचको ६० प्रतिशत भागमा</td><td>सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, यसको सेवनले ज्यान लिन्छ</td><td>खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडिको भाग (principal area–front side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा माथिको २० प्रतिशत भागमा</td></tr>
<tr><td>सुर्तीजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन छोडौं</td><td>खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य भागको अगाडिको भाग (principal area –front side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा मुनिको २० प्रतिशत भागमा</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ख. पछाडिको भाग |  | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको पछाडिको भाग (principal area – Back side) को शत प्रतिशत भाग मध्ये बिचको ६० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, यसको सेवनले ज्यान लिन्छ | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको पछाडिको भाग (principal area – Back side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा माथिको २० प्रतिशत भागमा |
| | | | सुर्तीजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन छोडौ | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य भागको पछाडिको भाग (principal area – Back side) को शत प्रतिशत भाग मध्ये चित्र भन्दा मुनिको १० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको कूल जम्मा बट्टा, प्याकेट र र्‍यापर्स मध्येमा पचास–पचास प्रतिशत संख्यामा समानुपातिक तवरले उपदफा (१) बमोजिमका दुई वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देशको अतिरिक्त गोलाकार टीनको बट्टामा प्याकेजिङ्ग हुने खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टाको बिर्कोको सहायक माथिल्लो पुरै भाग (side pack – upper top part) मा "खैनी सुर्ती सेवनले मुखमा क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश समेत छाप्नु पर्नेछ । त्यसतै गोलाकार टीनको बट्टामा प्याकेजिङ्ग हुने खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टाको बिर्कोको सहायक तल्लो पुरै भाग (side pack – lower part) मा उत्पादकको ब्राण्ड नाम, निकोटीनको मात्रा र उत्पादन मिति उल्लेख गर्नुपर्ने छ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।


(७) सन्देश लेखिने पृष्ठभुमिको रंग प्यान्टोन ४४८ सी (Pantone 448c) हुनेछ ।


(८) अक्षरमा रंगको मात्रा निलो (C) = ०%, रातो (M) = ०%, पहेलो (Y) = ०%, कालो (K) = ०% हुनेछ । चेतावनीमूलक सन्देश र चित्र रहने पृष्ठभूमिमा रंगको मात्रा निलो (C) = ५६%, रातो (M) = ५३%, पहेलो (Y) = ७३%, कालो (K) = ५७% हुनेछ ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ज्यापर्सको ढाँचा अनुसूची ३ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट उपलब्ध गराईएको चित्रको गुणस्तर अनुरूप हुनु पर्नेछ ।

**७ सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गमा छापिने सन्देश र चित्रः** (१) दफा ३ बमोजिम उत्पादकले चुरोट, बिडी, खैनी, सुर्ती र गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य भागको अगाडि र पछाडिको सम्पूर्ण भागमा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछः

| चित्र नं | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्ती सेवनले घाँटीको क्यान्सर हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |
| ख |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्ती सेवनले कमतौल भएको, अपांगता भएको वा मरेको बच्चा जन्मन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |

| | | | | |
|---|---|---|---|---|
| ग |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्ती सेवनले मुखको क्यान्सर हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |
| घ |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्ती सेवनले हृदयघात हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |
| ङ |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये ८० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले फोक्सोको क्यान्सर हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडि (principal area-front & back) को शत प्रतिशत भाग मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा सुर्तीजन्य पदार्थको कूल जम्मा पेटी, पार्सल र प्याकेजिङ्गमा बीस बीस प्रतिशत संख्यामा समानुपातिक तवरले उपदफा (१) बमोजिमका पाँच वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ।

(३) सुर्तीजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको सहायक माथिल्लो भाग (side pack upper part) मा "सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धूम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack right part) को माथिल्लो नब्बे प्रतिशत भागमा "धूम्रपानमा नाइट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र तल्लो दश प्रतिशत

भागमा ब्राण्ड नाम उल्लेख गर्नु पर्नेछ । त्यस्तै सहायक बायाँ भाग (side pack left part) को माथिल्लो नब्बे प्रतिशत भागमा "धूम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ धूम्रपान गर्न छोडौं" भन्ने चेतनामूलक सन्देश र तल्लो दश प्रतिशत भागमा उत्पादकको नाम र ठेगाना छाप्नु पर्नेछ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।

७) सन्देश लेखिने पृष्ठभुमिको रंग प्यान्टोन ४४८ सी (Pantone 448C) हुनेछ ।

(८) अक्षरमा रंगको मात्रा निलो (C) = ०%, रातो (M) = ०%, पहेलो (Y) = ०%, कालो (K) = ०% हुनेछ । चेतावनीमूलक सन्देश र चित्र रहने पृष्ठभूमिमा रंगको मात्रा निलो (C) = ५६%, रातो (M) = ५३%, पहेलो (Y) = ७३%, कालो (K) = ५७% हुनेछ ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा अनुसूची ४ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०)चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट उपलब्ध गराईएको चित्रको गुणस्तर अनुरूप हुनु पर्नेछ ।

८. **फराकिलो भागलाई मुख्य माथिल्लो भाग मानिनेः** सोली आकारको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको हकमा ठूलो वा फराकिलो भागलाई मुख्य माथिल्लो भाग मानि चेतावनीमूलक सन्देश र चित्रहरु छाप्नु तथा अकिंत गर्नु पर्नेछ ।

९. **सन्देशको भाषाः** सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छापिने सन्देशको भाषा नेपाली हुनेछ ।

१०. **सन्देश र चित्रको आकार बृद्धि हुनेः** उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको आकारमा बृद्धि हुँदा चेतावनीमूलक सन्देश र चित्रहरुको आकार पनि सुर्तीजन्य पदार्थहरुको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी र पार्सलको प्याकेजिङ्ग र लेबलिङ्ग बृद्धिको अनुपातमा बृद्धि गर्नु पर्नेछ ।

११. **सन्देश र चित्र स्पष्ट देखिने गरी प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्नेः** उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छपाई गर्नु पर्ने चेतावनीमूलक सन्देश र चित्रहरुको अपभ्रंस नहुने, नबिग्रने र नछोपिने गरी सुर्तीजन्य पदार्थहरु प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्नेछ ।

**१२. सुर्तीजन्य पदार्थको प्रबर्धन हुनेगरी प्याकेजिङ्ग वा लेबल गर्न नपाईनेः** उत्पादक लगायत कसैले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सुर्तीजन्य पदार्थको प्रबर्धन हुने गरी कुनै सन्देश, सामग्री, रंग, चित्र आदि राखेर प्याकेजिङ्ग वा लेबल गर्न पाईने छैन ।


**१३. सुर्तीजन्य पदार्थको बारेमा असत्य कुराहरू राखी प्याकेजिङ्ग वा लेबल गर्न नपाईनेः** उत्पादक लगायत कसैले पनि स्वास्थ्य वा स्वास्थ्य जोखिम वा सुर्तीजन्य पदार्थको बारेमा असत्य, भ्रामक वा कपटपूर्ण सन्देश फैलाउन सक्ने "हल्का, अति हल्का, मध्यम, कम टार, सुरक्षित, पातलो" जस्ता कुनै पनि शब्द वा यस्तै अर्थ लाग्ने चित्र, चिन्ह विशेषण कुनै पनि सुर्तीजन्य पदार्थको प्याकेजिङ्ग वा लेबलमा राख्न पाईने छैन ।

**१४. बिक्री, वितरण र खरिद गर्न नपाउनेः** कसैले पनि ऐनको दफा ९ को उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र नभएका सुर्तीजन्य पदार्थहरु मिति २०८२ साल भदौ १ गते देखि उत्पादन, बिक्री, वितरण र खरिद गर्न पाउने छैन ।

**१५. खारेज र बचाऊः** (१) सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, ज्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

| | |
|---|---|
| **अनुसूची १**<br>**दफा ४ सँग सम्बन्धित** | **चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र च्यापर्सको ढाँचा**<br>**दफा ४ (१) को (क) सँग सम्बन्धित** |




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C | M | Y | CM | MY | CY | CMY | K


## FONTS USED

**Principle area front and back:**
Font - Preeti, 20 pt


**Side pack - upper part:**
Font - Preeti, 12 pt


**Side pack - left and right:**
Font - Preeti, 12 pt

## MOCKUP



| अनुसूची १<br>दफा ४ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र न्यापर्सको ढाँचा<br>दफा ४ (१) को (ख) सँग सम्बन्धित |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

| C | M | Y | CM | MY | CY | CMY | K |
|---|---|---|---|---|---|---|---|


## FONTS USED

**Principle area front and back:**
Font - Preeti, 14 pt


**Side pack - upper part:**
Font - Preeti, 12 pt


**Side pack - left and right:**
Font - Preeti, 12 pt

## MOCKUP



| अनुसूची १<br>दफा ४ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र न्यापर्सको ढाँचा<br>दफा ४ (१) को (ग) सँग सम्बन्धित |
| --- | --- |




## COLORS USED

| Text: | Background: |
| --- | --- |
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K


## FONTS USED

**Principle area front and back:**
Font - Preeti, 20 pt

**Side pack - upper part:**
Font - Preeti, 12 pt


**Side pack - left and right:**
Font - Preeti, 12 pt


## MOCKUP



**अनुसूची १**
**दफा ४ सँग सम्बन्धित**

**चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र ज्यापर्सको ढाँचा**
**दफा ४ (१) को (घ) सँग सम्बन्धित**




## COLORS USED

| Text: | Background: |
| --- | --- |
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K


## FONTS USED

**Principle area front and back:**
Font - Preeti, 20 pt


**Side pack - upper part:**
Font - Preeti, 12 pt

**Side pack - left and right:**
Font - Preeti, 12 pt

## MOCKUP



| अनुसूची १<br>दफा ४ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र च्यापर्सको ढाँचा<br>दफा ४ (१) को (ङ) सँग सम्बन्धित |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K


## FONTS USED

**Principle area front and back:**
Font - Preeti, 20 pt

**Side pack - upper part:**
Font - Preeti, 12 pt

**Side pack - left and right:**
Font - Preeti, 12 pt

## MOCKUP



| अनुसूची २<br>दफा ५ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित बिँडीको बट्टा, प्याकेट र ज्यापर्सको ढाँचा<br>दफा ५ (१) को (क) सँग सम्बन्धित |
|---|---|

Principle area front

Principle area back




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K

## FONTS USED

**Principle area front and back:**

Font - Preeti, 14 pt

## MOCKUP



| | |
|---|---|
| **अनुसूची २**<br>**दफा ५ सँग सम्बन्धित** | **चेतावनीमूलक चित्र र सन्देश सहित बिँडीको बट्टा, प्याकेट र त्यापर्सको ढाँचा**<br>**दफा ५ (१) को (ख) सँग सम्बन्धित** |

Principle area front | Principle area back




20%

80%

### COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

### COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K


### FONTS USED


**Principle area front and back:**
Font - Preeti, 14 pt

### MOCKUP



| अनुसूची २<br>दफा ५ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित बिँडीको बट्टा, प्याकेट र न्यापर्सको ढाँचा<br>दफा ५ (१) को (क) र दफा ५ (३) सँग सम्बन्धित |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C | M | Y | CM | MY | CY | CMY | K


## FONTS USED

**Principle area front and back:**
Font - Preeti, 20 pt

**Side pack - upper part:**
Font - Preeti, 12 pt


**Side pack - left and right:**
Font - Preeti, 12 pt

## MOCKUP



| अनुसूची २<br>दफा ५ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित बिँडीको बट्टा, प्याकेट र ऱ्यापर्सको ढाँचा<br>दफा ५ (१) को (ख) र दफा ५ (३) सँग सम्बन्धित |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K

## FONTS USED

**Principle area front and back:**
Font - Preeti, 14 pt

**Side pack - upper part:**
Font - Preeti, 12 pt

**Side pack - left and right:**
Font - Preeti, 12 pt

## MOCKUP



| | |
|---|---|
| **अनुसूची ३**<br>**दफा ६ सँग सम्बन्धित** | **चेतावनीमूलक चित्र र सन्देश सहित खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा**<br>**दफा ६ (१) को (क) सँग सम्बन्धित** |


Upper part Front Back

20%

60%

10%

10%




Lower part

**COLORS USED**

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

**COLORS USED IN IMAGES**

| C | M | Y | CM | MY | CY | CMY | K |
|---|---|---|---|---|---|---|---|

**FONTS USED**


**Principle area, upper front and back:**
Font - Preeti, 18 pt

**Principle area, lower front and back:**
Font - Preeti, 18 pt

**MOCKUP**



| अनुसूची ३<br>दफा ६ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा<br>दफा ६ (१) को (ख) सँग सम्बन्धित |
|---|---|




**COLORS USED**

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

**COLORS USED IN IMAGES**

C M Y CM MY CY CMY K

**FONTS USED**

**Principle area, upper front and back:**
Font - Preeti, 18 pt


**Principle area, lower front and back:**
Font - Preeti, 18 pt

**MOCKUP**



| अनुसूची ३<br>दफा ६ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा<br>दफा ६ (१) को (क) र दफा ६ (३) सँग सम्बन्धित |
|---|---|

### दफा ६ (१) को (क) सँग सम्बन्धित







### COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

### COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K

### FONTS USED

**Principle area, upper front and back:**
Font - Preeti, 18 pt

**Principle area, lower front and back:**
Font - Preeti, 18 pt

**Circle design**
**Whole side pack upper part of cap of box:**
Font - Preeti, 18 pt


### KHAINI CIRCLE BOX DESIGN



दफा ६ (३) सँग सम्बन्धित

| अनुसूची ३<br>दफा ६ सँग सम्बन्धित | **चेतावनीमूलक चित्र र सन्देश सहित खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा**<br>**दफा ६ (१) को (ख) र दफा ६ (३) सँग सम्बन्धित** |
|---|---|

**दफा ६ (१) को (ख) सँग सम्बन्धित**







### COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

### COLORS USED IN IMAGES

C | M | Y | CM | MY | CY | CMY | K

### FONTS USED

**Principle area, upper front and back:**
Font - Preeti, 18 pt

**Principle area, lower front and back:**
Font - Preeti, 18 pt


**Circle design**
**Whole side pack upper part of cap of box:**
Font - Preeti, 18 pt

### KHAINI CIRCLE BOX DESIGN



**दफा ६ (३) सँग सम्बन्धित**

| अनुसूची ४<br>दफा ७ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको ढाँचा<br>दफा ७ (१) को (क) सँग सम्बन्धित |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K


## FONTS USED

**Principle area - front and back:**
Font - Preeti, 30 pt


**Side pack - upper part:**
Font - Preeti, 30 pt

**Side pack - left and right:**
Font - Preeti, 40 pt

## MOCKUP



| **अनुसूची ४**<br>**दफा ७ सँग सम्बन्धित** | **चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको ढाँचा**<br>**दफा ७ (१) को (ख) सँग सम्बन्धित** |
|---|---|




**COLORS USED**

| **Text:** | **Background:** |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

**COLORS USED IN IMAGES**

C | M | Y | CM | MY | CY | CMY | K


**FONTS USED**

**Principle area - front and back:**
Font - Preeti, 30 pt


**Side pack - upper part:**
Font - Preeti, 30 pt

**Side pack - left and right:**
Font - Preeti, 40 pt

**MOCKUP**



| अनुसूची ४<br>दफा ७ सँग सम्बन्धित | **चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र त्यापर्सको राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको ढाँचा**<br>**दफा ७ (१) को (ग) सँग सम्बन्धित** |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K


## FONTS USED

**Principle area - front and back:**
Font - Preeti, 30 pt


**Side pack - upper part:**
Font - Preeti, 30 pt

**Side pack - left and right:**
Font - Preeti, 40 pt

## MOCKUP



| अनुसूची ४<br>दफा ७ सँग सम्बन्धित | चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको ढाँचा<br>दफा ७ (१) को (घ) सँग सम्बन्धित |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

C M Y CM MY CY CMY K

## FONTS USED

**Principle area - front and back:**
Font - Preeti, 30 pt


**Side pack - upper part:**
Font - Preeti, 30 pt

**Side pack - left and right:**
Font - Preeti, 40 pt

## MOCKUP



| अनुसूची ४<br>दफा ७ सँग सम्बन्धित | **चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र न्यापर्सको राख्ने पेटी, पार्सल र प्याकेजिङ्को ढाँचा**<br>**दफा ७ (१) को (ङ) सँग सम्बन्धित** |
|---|---|




## COLORS USED

| Text: | Background: |
|---|---|
| C = 0% | C = 56% |
| M = 0% | M = 53% |
| Y = 0% | Y = 73% |
| K = 0% | K = 57% |

## COLORS USED IN IMAGES

| C | M | Y | CM | MY | CY | CMY | K |
|---|---|---|---|---|---|---|---|

## FONTS USED

**Principle area - front and back:**
Font - Preeti, 30 pt

**Side pack - upper part:**
Font - Preeti, 30 pt

**Side pack - left and right:**
Font - Preeti, 40 pt

## MOCKUP

